**भारतीय राजदूतावास**

**काठमाडौं**

********

**प्रेस विज्ञप्ति**

**भारतीय राजदूतावास र सुशिला ठाकुर स्मृति स्वास्थ्य फाउण्डेसनबीच समझदारीपत्रमा हस्ताक्षर**

भारत-नेपाल विकास सहकार्य कार्यक्रम अन्तर्गत भारत सरकारको करिब नेरु. ५ करोड अनुदान सहयोगमा नेपालको महोत्तरी जिल्लामा एलपीजी ग्यास चुल्हो र ग्यास सिलिण्डर वितरण हेतु भारतीय राजदूतावास, काठमाडौं र सुशिला ठाकुर स्मृति स्वास्थ्य फाउण्डेसनबीच आज एक समझदारीपत्रमा हस्ताक्षर भयो ।

२. यस कार्यबाट महोत्तरी जिल्लाको ५ वटा नगरपालिकाका झण्डै ८००० विपन्न तथा सीमान्तकृत परिवार लाभान्वित हुनेछन् ।

३. दाउरा, कोइला, गुँइठा जस्ता परम्परागत इन्धनमा निर्भर ग्रामीण भेगका घरपरिवारलाई एलपीजी ग्यास जस्ता सफा खाना पकाउने इन्धन उपलब्ध गराउने उद्देश्यले भारत सरकारले अघि सारेको 'प्रधानमन्त्री उज्ज्वला योजना'बाट यो कार्यक्रम प्रेरित छ ।

४. सन् २००३ यता भारतले नेपालमा ५३५ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेकोमा ४७८ वटा सम्पन्न भइसकेका छन् । ती मध्ये महोत्तरी जिल्लाका ६ गरी मधेस प्रदेशमा ८१ वटा रहेका छन् । यसका अतिरिक्त भारत सरकारले महोत्तरी जिल्लाका विभिन्न अस्पताल एवम् स्वास्थ्य चौकीलाई २३ वटा एम्बुलेन्स उपहार स्वरुप प्रदान गरिसकेको छ ।

५. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच बहुपक्षीय एवम् बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको जीवनस्तर उकास्न नेपाल सरकारले गरेका प्रयासहरुमा भारत सरकारले पुऱ्याउदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं, नेपाल

२०८० वैशाख २१ गते